नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्धा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७९।०५।१७ गते मुद्दा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**

- देश भारत, पूर्वाचम्पारण जिल्ला, फूलवारी गाउँपञ्चायत-८, स्थायी ठेगाना भई हाल काठमाण्डौ महानगरपालिका वडा नं. ३ बसुन्धरा बस्ने श्री जय दुर्गा ट्रेडर्स. (स्था.ले.नं. ६०३३२२१९८) को फर्म संचालक **धिरज कुमार जयसवाल** ।
- जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं. ३२, स्थायी बसोबास भएका श्री जय दुर्गा ट्रेडर्स. (स्था.ले.नं. ६०३३२२१९८) का प्रोपाइटर **सुमन कुमार श्रेष्ठ।**
- जिल्ला पर्सा, विरगंज महानगरपालिका वडा नं. ४ स्थायी ठेगाना भई काठमाण्डौ महानगरपालिका वडा नं. ३, बसुन्धरा बस्ने श्री जय दुर्गा ट्रेडर्स. (स्था.ले.नं. ६०३३२२१९८) को कारोवारलाई सघाउने **राहुल कुमार जयसवाल।**

२. **कसुरको संक्षिप्त विवरणः** श्री जय दुर्गा ट्रेडर्स. (स्था.ले.नं. ६०३३२२१९८) का संचालकले राजस्व चुहावट गर्ने मनसायले जालसाजीयूक्त, नक्कली तथा झुट्टा मूल्य अभिबृद्धि कर विजक खरिद गरी बित्तीय विवरणहरु तथा आय विवरणहरु तयार गरी प्रचलित आयकर ऐन तथा मुल्य अभिबृद्धि कर ऐन तथा नियमहरु बमोजिम तिर्नुपर्ने कर नतिरी राजस्व चुहावटको कार्य गरेको ।

३. **कायम भएको विगो र सजायको मागदाविः** राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४को उपदफा (क), (ख) र (ग) तथा हाल संसोधित दफा ४ को उपदफा (क), (ग) र (झ) (बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने **मु.अ.कर तर्फ रु.१,७१,३२,१७०।- र आयकर तर्फ रु. ३,७५,१९,१६८।-** समेत गरी जम्मा हुन आउने कुल विगो **रु.५,४६,५१,३३८।- (पाँच करोड छयालिस लाख एकाउन्न हजार तिन सय अठत्तिस रुपैया मात्र)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन सहित) ऐन, २०५२ को दफा २३(१) बमोजिम प्रतिवादीहरुबाट विगो **रु. ५,४६,५१,३३८।-** असुल गरी सोही ऐनको दफा २३(१) बमोजिम कायम भएको विगोको शत प्रतिशत **रु. ५,४६,५१,३३८।-** जरिवाना तथा दफा २३(१)(ग) बमोजिम कैद सजाय हुन मागदावी गरी अभियोग पत्र दायर गरिएको ।

| सि.नं | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • धिरज कुमार जयसवाल<br>• सुमन कुमार श्रेष्ठ<br>• राहुल कुमार जयसवाल | ५,४६,५१,३३८।- | ५,४६,५१,३३८।- | १०,९३,०२,६७६।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**